# झापा जिल्ला अदालत

## इजलास

## माननीय न्यायाधीश श्री उमेशप्रसाद लुइँटेल

## फैसला

**मुद्दा नं.:- ०७९-C१-०२६०**

**र.नं. १८-०७९-०१३१८**

**दायर मितिः २०७९।०७।०६**

**कसुर ठहर निर्णय नं. ५४ सजाय निर्धारण निर्णय नं. ०३**

पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको उपाध्यक्ष बर्ष ५७ को टंकप्रसाद भेटवाल ---------------------------------------------------------१

उत्तम विक्रम मल्लको छोरा जिल्ला झापा विर्तामोड नगरपालिका वडा नं ६ बस्ने पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सचिव बर्ष ६० को मोहन विक्रम मल्ल ---------------------------------------------------------------१

मोतिराम श्रेष्ठको छोरी जिल्ला झापा विर्तामोड न.पा. वडा नं ४ बस्ने पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सदस्य बर्ष ५१ कि ईन्दिरा श्रेष्ठ-----१

भोजराज खतिवडाको छोरा जिल्ला झापा विर्तामोड नगरपालिका वडा नं १ बस्नेपताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सदस्य बर्ष ३४ को प्रकाश खतिवडा-------------------------------------------------------------------१

खिम वहादुर राईको छोरा जिल्ला झापा विर्तामोड नगरपालिका वडा नं ४ बस्ने पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सदस्य बर्ष ३४ को विकाश राई --------------------------------------------------------------------१

नरप्रसाद सेडाईको छोरा जिल्ला झापा कनकाई नगरपालिका वडा नं ३ घर भई बस्ने पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सल्लाहकार बर्ष ६८ को हरि प्रसाद सेडाई --------------------------------------------------------१

खगेन्द्र प्रसाद गिरीको छोरा जिल्ला झापा अर्जुनधारा नगरपालिका वडा नं ११ घर भई पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको वर्तमान अध्यक्ष बर्ष ४४ को युवराज गिरी ---------------------------------------------------१

मुलुक राजवंशीको छोरा जिल्ला झापा विर्तामोड नगरपालिका वडा नं ८ घर भई पताल गंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडको सदस्य बर्ष ५५ को कमल सिंह राजवंशी समेतको समेतको जाहेरीले नेपाल सरकार -------------------------१

**वादी**

**विरूद्ध**

राजन खनाल र खेमकुमारी खनालकी छोरी, प्रेमकुमार भण्डारीकी पत्नी, जिल्ला झापा, पृथ्वीनगर गा.वि.स. वडा नं. ६ जन्मस्थान भई हाल जिल्ला झापा, विर्तामोड नगरपालिका वडा नं २ स्वर्गद्वारी टोल बस्ने बर्ष ३६ की गोमा खनाल (भण्डारी)--१

राजन खनाल र खेमकुमारी खनालको छोरा, जिल्ला तेह्रथुम, सोल्मा गा.वि.स. वडा नं. १ जन्मस्थान भई जिल्ला झापा, पृथ्वीनगर गा.वि.स. वडा नं ६ हाल ऐ. विर्तामोड नगरपालिका वडा नं ४ डेरा गरी बस्ने बर्ष ४१ को रेवती खनाल ---------------१

चिरञ्जिवी भट्टराईकी छोरी, जिल्ला तेह्रथुम, सोल्मा गा.वि.स. वडा नं १ जन्म भई जिल्ला झापा पृथ्वीनगर गा.वि.स. वडा नं ६ मा बस्ने बर्ष ४४ की कमलादेवी भट्टराई (खनाल) ----------------------------------------------------------१ **प्रतिवादी**

राजन खनाल र खेमकुमारी खनालको छोरा, जिल्ला तेह्रथुम, सोल्मा गा.वि.स. वडा नं १ जन्म भई जिल्ला झापा, पृथ्वीनगर गा.वि.स. वडा नं ६ बस्ने बर्ष ३६ को सिताराम खनाल -----------------------------------------------------------१

झमकलाल लुइँटेलको छोरा, जिल्ला झापा, विर्तामोड भई हाल ऐ. भद्रपुर नगरपालिका वडा नं ८ बस्ने बर्ष ५१ को अनन्त जीवन लुइँटेल -----------------------------१

**मुद्दाः- किर्ते समेत गरी सहकारी रकम हिनामिना तथा अपराधिक विश्वासघात गरेको**

वादीको साक्षीः प्रतिवादीको साक्षीः

प्रमाणः X प्रमाण : X

<u>अदालतबाट बुझेको</u>

साक्षी :

**प्रमाण :**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।**

<u>संक्षिप्त तथ्य</u>

१. **टंकप्रसाद भेटवाल समेतको जाहेरी दरखास्तः** हामी समेत भई २०६५।०९।२१ गते पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेड अनारमनी-३ झापामा दर्ता गराई सञ्चालन गरी आएकोमा विपक्षी रेवती खनाल मिति २०६९।०३।०६ गतेदेखि लेखा संयोजकमा प्रवेश गरी मिति २०७१।०६।०५ देखि अध्यक्ष तथा व्यवस्थापक प्रमुख भई सबै काम गरी आउनु भएकोमा हामीले विश्वास गरी निजलाई जिम्मेवारी दिएकोमा मिति २०७८।०५।२३ गतेको संस्थाको बैठक र अनुगमन समितिको प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन समेतबाट निज रेवती खनालले पदीय हैसियतको दुरूपयोग गरी आफूखुसी रु.१,५४,८२,०१८।३५ पैसा हिनामिना गरेको र एकलौटी ढङ्गबाट महत्त्वपूर्ण कागजात जलाई नष्ट गरेको तथा आफू र आफन्तलाई फाइदा पुऱ्याउनका लागि सञ्चालक समितिको सहमति मञ्जुरी बिना, बिनाधितो र बिना प्रमाण मिति २०७७।०३।३१ गते एकासंगोलकी पत्नी कमलादेवी भट्टराईको नाममा मिति २०७७।०३।३१ गते रु.१५,००,०००।–

, एकासंगोलको भाइ सिताराम खनालका नाममा रु.१५,००,०००।–, बहिनी गोमा खनाल भण्डारीको नाममा रु.१५,००,०००।–, निजका मामाससुरा अनन्त जीवन लुइँटेलको नाममा रु.१५,००,०००।– ऋण लगानी गरी रकम हिनामिना गरेको, दुर्गा गिरीबाट धितोको रकम बुझी धितो फुकुवा गरी रकम पतालगंगा बचत तथा ऋण सहकारी संस्थाको खातामा नहाली रकम हिनामिना गरेको, निजले मिति २०७८।०३।३१ गते रु.३०,००,०००।– र मिति २०७७।०३।३१ गते रु.४,००,०००।– रकमका साथै दुर्गा गिरीले बुझाएको रकमको ब्याज तथा हर्जना बोनस तथा अन्य रकमको हुन थप ब्याजसमेत गरी रु. ६०,८२,०१८।३५ समेत गरी सञ्चालक समितिका पदाधिकारी तथा सदस्यलाई थाहा जानकारी नदिई बैठकको निर्णयसम्म नगराई पदीय हैसियतसमेत दुरुपयोग गरी आफूखुसी जम्मा रु.१,५४,८२,०१८।३५ (एक करोड चवन्न लाख बयासी हजार अठार रुपैयाँ पैतीस पैसा) रकम हिनामिना गरी सहकारीको रकम ठगी तथा हिनामिना गरेको कुरा यस संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा अनुगमन समितिको निर्णय समेतबाट पुष्टी भएको हुँदा निजहरूलाई कारवाही गरी हिनामिना भएको रकमको बिगो समेत दिलाईभराई पाउँ भन्ने समेत बेहोराको संयुक्त जाहेरी दरखास्त।

२. **छानविन समितिको प्रतिवेदनः** पतालगंगा बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष रेवती खनालले संस्थाको जानकारी बिना रकम हिनामिना गरी मिति २०७८।०५।२४ देखि सम्पर्कबिहिन भएकोमा छानविन समितिले छानविन गर्दा सञ्चालक समितिले थाहा नपाउने गरी निजले पत्नी कमलादेवी भट्टराईको नाममा रु.१५,००,०००।– तथा नयाँ कर्जा रु.२,६८,०१२।६१, भाइ सिताराम खनालका नाममा रु.१५,००,०००।– तथा नयाँ कर्जा रु.२,६८,०१२।६१, बहिनी गोमा खनाल भण्डारीको नाममा रु.१५,००,०००।– तथा नयाँ कर्जा रु.२,६८,०१२।६१, मामाससुरा अनन्त जीवन लुइँटेलको नाममा रु.१५,००,०००।– तथा नयाँ कर्जा रु.२,६८,०१२।६१ र आफ्नै नाममा रु. ३४,००,०००।– तथा नयाँ कर्जा रु. १,८२,३५६।१६ ऋण लगानी गरेको, समितिले दश लाख रुपैयाँ ऋण स्वीकृत गरी माग गरेकोमा किर्ते गरी बीसलाई बनाई अख्तियार दिएको भनी विवरण थपी किर्ते गरी दुरूपयोग गरेको, संस्थामा चलिरहेको अक्सपान सफ्टवेयर परिवर्तन गरी कोसीस सफ्टवेयर बिना सम्झौता सञ्चालनमा ल्याई हरहिसाब लुकाउने छुपाउने गरेको, हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाको खाताबाट यस संस्थामा रु. २५,००,०००।– मिति २०७८।०५।११ मा ल्याई मिति २०७८।०५।१३ मा उक्त रकम सोही संस्थाले फिर्ता लगेको देखिएको, झापा जिल्ला सहकारीबाट प्राप्त ऋण १ करोड मध्ये रु. ७०,००,०००।– संस्थाको खातामा रहेकोमा आफूखुसी चलाएको तथा आफ्नो परिवारको सदस्यलाई ऋण लगानी गरी हिनामिना गरेको, निजले समग्र रूपमा रु. १,२३,२७,०२४।८० सदस्यहरूको बचत रकम हिनामिना गरेको, सदस्य दुर्गा गिरीको नाममा रहेको ऋण साँवा र ब्याज गरी रु.१०,०४,६३५।– आफैंले उठाई हिनामिना गरेको तथा ऋण फुकुवा गरेको कागजातसमेत नष्ट गरेको गरी रकम हिनामिना गरेको हुँदा निजबाट हिनामिना भएको रकम दाखिला गर्न गराउन भन्ने समेत बेहोराको तीन सदस्यीय छानविन समितिको प्रतिवेदन।

३. **दुर्गा गिरीको घटनाविवरण कागजः** पतालगंगा सहकारी बचत तथा ऋण संस्था लिमिटेडमा आरोपित रेवती खनाल मिति २०७१।०६।०५ गतेदेखि अध्यक्ष तथा व्यवस्थापक भए लगत्तै म लेखा समितिबाट अलग भएकी हुँ। मैले घरायसी व्यहारको सिलसिलामा उक्त संस्थाबाट निज आरोपित अध्यक्ष हुनुभन्दा केही समय अगाडि मेरै नाउँको जग्गा धितो राखी रु. ३,५०,०००।– (तीन लाख

पचास हजार) ऋण लिएकी थिएँ। उक्त ऋण मैले निज आरोपित रेवती खनालको कार्यकालमा मिति २०७४।०८।१२ गते चुक्ता गरी कृषि बिकास बैङ्क लिमिटेडको रु.३,५०,०००।– (तीन लाख पचास हजार) को चेक रेवती खनालकै नाममा काटिदिए पश्चात् निज फरार आरोपित रेवती खनालले नै मेरो धितो वापतको अर्जुनधारा नगरपालिका वडा नं ११ को १० धुर जग्गा उकास्न मालपोत कार्यालय चन्द्रगढीलाई पत्र बनाई दिएका थिए। सो पत्र लिई मेरो छोरा अर्पण गिरी र पतालगंगा सहकारी कै कर्मचारी नवीन कटुवाल भई मालपोत कार्यालय चन्द्रगढी गई सो जग्गा फुकुवा समेत गरी आफ्नो धनीपूर्जा लिएको हुँ। हाल आएर उक्त संस्थाका अध्यक्ष रेवती खनालले संस्थालाई ठगी गरी आफू र आफ्ना घर-आफन्तहरूका नाउँमा बिना धितो गैरकानूनी तवरले ऋण दिलाउने र आफूले समेत ऋण लिने कार्य गरेको कुरा सुन्नमा आएपछि उक्त संस्थामा सम्पर्क राखी बुझ्दा मैले लिएको उक्त ऋण वापतको रकम रु.३,५०,०००।– (तीन लाख पचास हजार) चुक्ता भएको रहेनछ भन्ने थाहा पाएँ र निज रेवती खनाललाई सम्पर्क राख्न खोज्दा हालसम्म पनि सम्पर्क हुन सकेको छैन। निज रेवती खनालले आफू कार्यरत रहँदा बिनाधितो, बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई निर्णय नगराई एकलौटी ढङ्गले मनोमानी गरी पत्नी, भाइ लगायतका घर आफन्त मानिसहरूलाई ऋण दिलाउने र संस्थालाई हानी नोक्सानी पुऱ्याई आफूलाई फाइदा हुने आपराधिक कार्य गरेको र आफूले गरेको गलत कार्यका कागजातहरू समेत फोहोर जलाउने बाहनामा जलाई संस्थाका कम्प्युटरको सफ्टवेयरसमेत नष्ट गरी बदलेको भन्ने कुरा थाहा पाएकी हुँदा निज फरार आरोपित रेवती खनालसमेत अन्य यस अपराधमा संलग्न देखिएका मानिसहरू समेतलाई पक्राउ एवम् अनुसन्धान गरी हदैसम्मको कारवाही गरी संस्थागत रुपमा क्षति भएको बिगोसहित मैले चुक्ता गरेको रकमसमेत रेवती खनालबाटै संस्थालाई भराई कानूनी कारवाही होस् भन्ने समेत बेहोराको दुर्गा गिरीले गरेको घटनाविवरण कागज।

४. **भूपाल राजवंशीको घटनाविवरण कागजः** म पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सेयर सदस्य रही मैले बिगत ३ बर्ष अगडिदेखि उक्त संस्थामा बचत गर्दै आइरहेको थिएँ। संस्थाका अध्यक्ष तथा व्यवस्थापक आरोपित रेवती खनालले संस्थालाई ठगी गरी आफू र आफ्ना घर आफन्तहरूका नाउँमा बिनाधितो गैरकानूनी तवरले ऋण दिलाउने र आफूले समेत ऋण लिने कार्य गरेको कुरा सुन्नमा आएकोले म समेतका मानिसहरू उक्त संस्थामा गई बुझ्दा निज आरोपित रेवती खनाल भागी फरार भएका रहेछन्। पछि उक्त संस्थाको छानविन समिति गठन भई संस्थाको खाता हेर्दा रेवती खनालले आफू कार्यरत रहँदा बिनाधितो बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई निर्णय नगराई एकलौटी ढङ्गले मनोमानी गरी पत्नी लगाएतका घर आफन्तका मानिसहरूलाई ऋण दिलाउने र संस्थालाई हानी नोक्सानी पुऱ्याई आफूलाई फाईदा हुन गलत कार्य गरेको थाहा भयो। यसरी दैनिक रुपमा बचत गर्दै आईरहेको पैसा हिनामिना गरी फरार रहेका आरोपित रेवती खनाललाई खोजतलास गरी पक्राउ गरी कारवाही होस् भन्ने समेत बेहोराको भुपाल राजवंशीले गरेको घटना विवरण कागज।

५. **दिनेशप्रसाद सापकोटाको घटना विवरण कागजः** म पतालगंगा सहकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण शेयर सदस्य रही बिगत ५ बर्ष अगडि देखि उक्त संस्थामा बचत गर्दै आइरहेको थिएँ। संस्थाका व्यवस्थापक आरोपित रेवती खनालले संस्थालाई ठगी गरी आफू र आफ्ना घर आफन्तहरूका नाउँमा बिनाधितो गैरकानूनी तवरले ऋण दिलाउने र आफूले समेत ऋण लिने

कार्य गरेको कुरा सुन्नमा आएकोले म समेतका मानिसहरू उक्त संस्थामा गई बुझ्दा निज आरोपित रेवती खनाल भागी फरार भएका रहेछन्। पछि उक्त संस्थाको छानविन समिति गठन भई संस्थाको खाता हेर्दा रेवती खनालले आफू कार्यरत रहँदा बिनाधितो बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई निर्णय नगराई एकलौटी ढङ्गले मनोमानी गरी पत्नी लगायतका घर आफन्तका मानिसहरूलाई ऋण दिलाउने र संस्थालाई हानी नोक्सानी पुऱ्याई आफूलाई फाइदा हुन गलत कार्य गरेको थाहा भयो। यसरी दैनिक रुपमा बचत गर्दै आइरहेको पैसा हिनामिना गरी फरार रहेका आरोपित रेवती खनाललाई खोजतलास गरी पक्राउ गरी कारवाही होस् भन्ने समेत बेहोराको दिनेशप्रसाद सापकोटाले गरेको घटनाविवरण कागज।

६. **गंगा सापकोटाको घटना विवरण कागजः** म पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा मिति २०७६।०५।०१ गतेदेखि सह-लेखापालको पदमा रही कार्यरत छु। आरोपित रेवती खनालले अध्यक्ष तथा व्यवस्थापक भई कार्य गर्दा आफूले चलाउँदा मात्र खुल्ने कम्प्युटर सफ्टवेयर सिस्टम जडान गरी चलाएका थिए। मिति २०७८।०५।२४ गतेभन्दा केही समय अगाडि जाहेरवाला टंकप्रसाद भेटवाल सहितका पदाधिकारीले संस्थाको हिसाबकिताबको बारेमा चासो राखेपछि संस्थाको खातापाताहरू हेरी आर्थिक रकम हरहिसाब गर्दा आरोपित रेवती खनालको आफन्तको नाममा बिनाधितो, बिना निर्णय ऋण प्रवाह गरेको बुझिन आएपछि निज रेवती खनाल मिति २०७८।०५।२४ गतेबाट बिरामी भएको भनी बिदामा बसेकोमा सम्पर्कमा नआएपछि निजले आफन्तलाई बिना प्रमाण ऋण प्रवाह गरेको तथा प्रमाण कागजातहरू जलाई नष्ट गरेको थाहा हुन आएको हुँदा सहकारीलाई घाटा र आफूलाई फाइदा पुऱ्याउने निजलाई कारवाही गरी संस्थाको बिगो दिलाई भराई पाउँ भन्ने समेत बेहोराको गंगा सापकोटाले गरको घटनाविवरण कागज।

७. **रामप्रसाद बाँस्कोटाको घटनाविवरण कागजः** म पतालगंगा बचत तथा ऋण संस्था लिमिटेडमा विगत ५ बर्षदेखि लेखा समितिको संयोजक भई काम गर्दै आइरहेको छु। आरोपित रेवती खनाल सुरुमा लेखा संयोजक रहेकोमा पछि निज अध्यक्ष एवम् व्यवस्थापकसमेतको रूपमा कामकाज गर्दै आएका हुन्। मिति २०७८ सालको भाद्र महिनामा निज रेवती खनालले पतालगंगा बचत तथा ऋण संस्था लिमिटेडमा जम्मा भएको विभिन्न व्यक्तिहरूको रकम तथा संस्थाको आम्दानी रकमसमेत आफू तथा आफ्ना नातेदारहरू पत्नी, भाई लगायतका व्यक्तिहरूको नाउँमा बिनाधितो, बिना सञ्चालक समितिको निर्णय आफूखुसी कम्प्युटरको सफ्टवेयरसमेत के कसरी बदल्न लगाई, आर्थिक कारोवार सम्बन्धीको जानकारी विवरण अन्य कोहि कसैलाई नदिई आफूमा मात्र सिमित राखी सञ्चालन गरी संस्थामा जम्मा रकम रु.१,५४,८२,०१८।३५ (एक करोड चवन्न लाख बयासी हजार अठार रुपैयाँ पैतीस पैसा) हिनामिना/ठगी गरी भागेको भन्ने कुरा सुनेको हुँ। सो पश्चात् म उक्त संस्थामा जाँदा मैले ३/३ महिनामा सञ्चालक समितिलाई बुझाएका रिपोर्टहरू समेत कार्यालयमा थिएनन् र बुझ्दा निज रेवती खनालले कार्यालयमा रहेका अन्य कर्मचारीहरू समेतले थाहा नपाउने गरी फोहोर जलाउने निहुँमा सम्पूर्ण कागजातहरू जलाएको भन्ने कुरा थाहा भयो। यसरी आफूलाई फाइदा पुग्ने र संस्था तथा संस्थामा आबद्ध व्यक्तिहरूको सम्पत्ति लिनेखाने नियतले छली हिनामिना गरी ठगी गरेको हुँदा निज आरोपित रेवती खनालसमेत यस वारदातमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरी बिगो भराइयोस् भन्ने समेत बेहोराको रामप्रसाद बाँस्कोटाले गरेको घटनाविवरण कागज।

८. **हरिप्रसाद सेढाई समेतको जाहेरी दरखास्तः** विपक्षी रेवती खनालले पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पदाधिकारी तथा सदस्यलाई र बैठकको निर्णयसम्म नगराई पदीय हैसियतसमेत दुरुपयोग गरी कम्प्युटर सफ्टवेयरसमेत आफूखुसी परिवर्तन गरी बिनाधितो, बिना प्रमाण सञ्चालक समितिको सहमति तथा निर्णय नगराई आफूखुसी ऋण प्रवाह गरी निज रेवती खनाल, निजको पत्नी कमलादेवी भट्टराई, भाइ सिताराम खनाल, गोमा खनाल भण्डारी, मामाससुरा अनन्त जीवन लुइँटेलसमेतले मिलोमतोमा संस्थाको कुल जम्मा रकम रु.२,०६,०८,३८३।५२ (दुई करोड छ लाख आठ हजार तीन सय त्रियासी रुपैयाँ बाउन्न पैसा) रकम हिनामिना गरी फरार रही ठगी गरेको हुँदा विपक्षीहरूलाई पक्राउ गरी बिगोसमेत भराई हदै सम्मको कानूनी कारवाही गरी पाउँ भन्ने समेत बेहोराको पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सल्लाहकार हरिप्रसाद सेढाई, वर्तमान अध्यक्ष युवराज गिरी र सदस्य कमलसिंह राजवंशी समेतको संयुक्त जाहेरी दरखास्त।

९. **प्रतिवादी गोमा खनाल भण्डारीको मौकाको बयानः** मेरो दाजु रेवती खनाल पतालगंगा बचत तथा ऋण सहकारी संस्थामा अध्यक्ष तथा ब्यवस्थापकको जिम्मेवारीमा रही काम गर्दै आउनु भएको थियो। जाहेरी दरखास्त बेहोरामा मेरो दाजु रेवती खनाल, भाउजु कमलादेवी खनाल भट्टराई, कान्छो दाजु सिताराम खनाल, रेवती खनालको मामाससुरा अनन्त जीवन लुइँटेल र म समेत भई मिलेमतोमा पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पदाधिकारी तथा सदस्यलाई र बैठकको निर्णयसम्म नगराई दाजु रेवती खनालले पदीय हैसियतसमेत दुरुपयोग गरी कम्प्युटर सफ्टवेयरसमेत आफूखुसी परिवर्तन गरी बिनाधितो, बिना प्रमाण आफूखुसी ऋण प्रवाह गरी संस्थाको कुल जम्मा रकम रु. २,०६,०८,३८३।५२ (दुई करोड छ लाख आठ हजार तीन सय त्रियासी रुपैयाँ बाउन्न पैसा) रकम हिनामिना गरी फरार रही ठगी गरेको भन्ने उल्लेख रहेछ तर मेरो दाजु रेवती खनाल तत्काल अध्यक्ष तथा ब्यवस्थापक पदमा रहेको उक्त संस्थामा मैले कुनै पनि किसिमको आर्थिक कारोवार, ऋण तथा लगानीसमेत गरेकी छैन, जाहेरी दरखास्त बेहोरामा मैले मेरो नाउँमा उक्त संस्थाबाट नगद रु.१५,००,०००।– (पन्ध्र लाख) लिएको कुरा के कसरी देखिन गयो सो बारेमा मलाई थाहा भएन, म यो कारोवारको बारेमा केहि जान्दिन। मेरो यस वारदातमा संलग्नता छैन। उक्त संस्थामा मैले खाता खोलेकी पनि छैन। शेयर तथा लगानीसमेत छैन भन्ने समेत बेहोराको आरोपित गोमा खनाल भण्डारीले गरेको बयान।

१०. **इन्दिरा श्रेष्ठको घटनाविवरण कागजः** म पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा २०६९ सालमा कार्यसमिति सदस्यको रुपमा आबद्ध भई २०७७ सालमा ऋण उप-समिति संयोजकको रूपमा काम गर्दै आएकी हुँ। म ऋण उप-समिति संयोजकको रुपमा कार्यरत हुँदा संस्थाको अध्यक्ष तथा व्यवस्थापक रेवती खनाल हुनुहुन्थ्यो। संस्थामा आबद्ध रहँदा संस्थाबाट कुनै पनि सदस्यले ऋण माग गरी लगानी गर्ने जस्ता रकमको कारोवार गर्दा रु.२,००,०००।– (दुई लाख) सम्म ऋण उप-समितिको सिफारिसमा कारोवार हुने र सोभन्दा बढी रकमको ऋण लगानी गर्दा सञ्चालक समितिमा सिफारिस गर्नुपर्ने र सञ्चालक समितिको निर्णय अनुसार मात्र लगानी गर्ने गरेको थियो। सो अधिकार कार्यालय तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ मा उल्लेख समेत रहेको छ। म संस्थामा कार्यरत रहँदाको समयमा म कार्यरत रहेको पतालगंगा सहकारी संस्थाको रकम अध्यक्ष तथा व्यवस्थापक रहेका आरोपित रेवती खनालले भवानीप्रसाद दंगाल अध्यक्ष रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकरी संस्था लिमिटेड बिर्तामोडलाई रु. ३५,००,०००।– (पैतीस

लाख) सापटी दिएको भन्ने कुरा संस्थामा थाहा जानकारी भए पश्चात् रकमको बारेमा रेवती खनाललाई सोधपुछ गर्दा निजले सापटी रकम रु.३५,००,०००।– (पैतीस लाख) मौखिक रुपमा मैले उक्त संस्थालाई दिएको थिएँ, तत्कालै म फिर्ता ल्याई हाल्छु भनी केही बेरमा नै मिति २०७८।०५।११ गते दिउँसो अं. १६:०० बजे तिर रु. २५,००,०००।- (पच्चीस लाख) खातामा जम्मा भयो भनी रसिद भौचर देखाएका थिए, उक्त रकम संस्थाको खातामा जम्मा भएको आधारमा केही दिनपछि कर्मचारीलाई संस्थाको चेक दिई पठाउँदा रकम भुक्तान हुन नसकी उल्लिखित रकम रु. २५,००,०००।- (पच्चीस लाख) हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाले मिति २०७८।०५।१३ गतेका दिन नै रेवती खनालले हस्ताक्षर गरेर दिएको चेकमार्फत झिकी सकेको कुरा थाहा भएकोले यसरी किन अध्यक्षले रकम हालेको भौचर मात्र देखाएका रहेछन् भन्ने लागी शङ्का लागेर संस्थाको रकमको खोजी गर्ने क्रममा मिति २०७८।०५।२४ गतेका दिन रेवती खनाल भागी फरार भएका हुन्। सो पश्चात् संस्थाबाट निजलाई धेरै सम्पर्कको प्रयासहरू भए, निजका आफन्तहरूसँग समेत रकम हिनामिना भएको सम्बन्धमा जानकारी गराइएको हो तर रेवती खनाल आफू फरार भई केहि समयपछि आफू बस्दै आएको डेराबाट पत्नीसमेतलाई डेरा सारी गएको भन्ने सुनें। यसरी संस्थालाई धरासायी बनाई विभिन्न जाल परिपञ्च मिलाई संस्थामा कार्यरत कर्मचारीहरू तथा पदाधिकारी समेतलाई कुनै पनि जानकारी नदिई आफूखुशी मिलेमतोमा पदीय दुरुपयोग समेत गरी एकमुष्ट रकम रु. २,०६,०८,३८३।५२ (दुई करोड छ लाख आठ हजार तीन सय त्रियासी रुपैयाँ बाउन्न पैसा) हिनामिना गरेको हुँदा आरोपितहरूलाई हदैसम्मको कारवाही सजाय गरी संस्थाको रकम बराबरको बिगो विपक्षीहरूबाटै भराइयोस् भन्ने समेत बेहोराको इन्दिरा श्रेष्ठले गरेको घटनाविवरण कागज।

११. **रीता सापकोटाको घटनाविवरण कागजः** म पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेड स्थापना हुँदादेखि नै कर्मचारीको रुपमा आबद्ध थिएँ, संस्थामा रहँदा सह-प्रबन्धकको रुपमा कार्यरत भई काम गरें र आफ्नै कार्यव्यस्तताले २०६९ सालदेखि उक्त संस्था छाडेपछि पुनः लेखा समितिमा समेत आबद्ध भई काम गरें र उक्त कामको जिम्मेवारीबाट राजिनामा दिई संस्था छाडी विदेशसमेत गएकीमा म विदेशमा नै हुँदा पतालगंगा सहकारी संस्थाको अध्यक्ष तथा ब्यवस्थापक समेत रहेका रेवती खनालले करोडभन्दा बढीको रकम हिनामिना गरी फरार भएको भन्ने समाचार पढें र त्यस्तो खबर थाहा पाउनसाथ केहि समयपछि नेपाल फर्की आएपछि उक्त संस्थामा गई पहिला आफूले खोलेको खाताको सञ्चय कोषको रकम झिक्न बाँकी भएकोले झिक्न खोज्दा मेरो नाउँमा जम्मा भएको सञ्चय कोषको रकम रु.६३,७३२।– (त्रिसठ्ठी हजार सात सय बत्तीस) मध्ये आरोपित रेवती खनालले रु.३१,८६६।– (एकतीस हजार आठ सय छैसठ्ठी) निजको खातामा ट्रान्सफर गरी लगेको र बाँकी रु.३१,८६६।– (एकतीस हजार आठ सय छैसठ्ठी) मात्र मेरो खातामा रहेको पाएकी हुँ। हालसम्म पनि मैले उक्त मेरो हिनामिना गरेको रकम पाएकी छैन। निज आरोपितले म जस्ता अन्य कर्मचारीहरूको सञ्चय कोषमा जम्मा भए वापतको रकम तथा अन्य विभिन्न शीर्षक वापतको रकम गरी जम्मा रकम रु. २,०६,०८,३८३।५२ (दुई करोड छ लाख आठ हजार तीनसय त्रियासी रुपैयाँ बाउन्न पैसा) हिनामिना गरेको रहेछ। संस्थामा मैले बुझ्दा उक्त हिनामिना भएको जम्मा रकममा मेरो उल्लेखित रकम रु.३१,८६६।– (एकतीस हजार आठ सय छैसठ्ठी) समेत समावेश रहेको भन्ने थाहा पाएँ। यसरी सार्वजनिक सहकारी संस्थाको रकम हिनामिना गरी लिनेखाने र संस्थालाई धरासायी

बनाउने आरोपितहरू रेवती खनाल समेतका मानिसहरूलाई हदैसम्मको कारवाही होस् भन्ने समेत बेहोराको रीता सापकोटासमेतले गरेको घटनाविवरण कागज।

१२. **टंकप्रसाद भेटवालको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको उपस्थितीमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेको हुँ, उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु.१०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो। हाल आएर उक्त रकम रु. १०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांशसमेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैंले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो, अनुसन्धान होस्। त्यसैगरी उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा म उपस्थित थिएँ, उक्त निर्णयको पहिलो पानाको उपस्थिती खण्डमा भएको हस्ताक्षर मैले गरेको हुँ, सोही निर्णयको दोस्रो पानाको अन्तिम (बन्द) मा भएका हस्ताक्षरहरू सम्बन्धित ब्यक्तिहरू मध्ये रेवती खनाल बाहेकका मानिसहरूलाई सोध्दा हाम्रो हस्ताक्षर होइन भन्ने पाइयो। उक्त निर्णयको अन्तिम पानाको बन्द खण्डमा भएको हस्ताक्षरको सम्बन्धमा समेत को कसले किर्ते गरेको हो, अनुसन्धान होस् भन्ने समेत बेहोराको टंकप्रसाद भेटवालले गरेको घटनाविवरण कागज।

१३. **पुष्पाकुमारी राईको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको बेहोरा मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेकी हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु. १०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो। हाल आएर उक्त रकम रु. १०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांश समेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैंले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो, अनुसन्धान होस्। त्यसैगरी उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा म उपस्थित थिइन, सो बारेमा अनुसन्धान होस् भन्ने समेत बेहोराको पुष्पाकुमारी राईले गरेको घटनाविवरण कागज।

१४. **कल्पना घिमिरेको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णय नं. २ मा रकम रु. १०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको तर उक्त रकम रु.१०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क २ बनाएको र अक्षर "दश" लाई किर्ते गरी "बीस" बनाएको भन्ने कुरा र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांशसमेत थप गरी किर्ते भएको भन्ने बारेमा थाहा भयो तर सो किर्ते को कसले गरेको हो थाहा भएन। उक्त माइन्युट

किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारका दिनको बैठकमा भएको हस्ताक्षर मैले गरेको हो। उक्त निर्णयको दोस्रो पानाको अन्तिम (बन्द) मा भएका हस्ताक्षरहरू मध्ये मैले गर्ने जस्तो पारेर गरेको हस्ताक्षर किर्ते हस्ताक्षर हो, सो हस्ताक्षर मैले गरेको होईन, उक्त मेरो जस्तो पारेर गरेको किर्ते हस्ताक्षर रेवती खनाल आफूले वा अन्य को कसबाट गराएको हो सो सम्बन्धमा समेत अनुसन्धान होस्। उक्त माइन्युट किताब आरोपित तत्कालित अध्यक्ष रेवती खनालकै जिम्मामा रहने गरेको थियो भन्ने समेत बेहोराको कल्पना घिमिरेले गरेको घटनाविवरण कागज।

१५. **मोहन विक्रम मल्लको घटना विवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेको हुँ। उक्त निर्णय बेहोरा सुरुदेखि ऋण उप-समिति सदस्य रुद्रप्रसाद पोखेलसम्म अध्यक्षसमेत रहेका आरोपित रेवती खनाल स्वयम्ले लेखेका हुन्। सोभन्दा मुनी प्रस्तावहरू देखि निर्णयको दोस्रो (अन्तिम) पानाको पुछारसम्मको बेहोरा मैले लेखेको हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु. १०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो। हाल आएर उक्त रकम रु. १०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई किर्ते गरी "बीस" बनाएको देखिन्छ जुन थप गरेको अङ्क र अक्षर किर्ते गरेको अङ्क र अक्षर हो। उक्त किर्ते गरेको सम्बन्धमा आरोपित रेवती खनालले नै गरेको हुनुपर्छ र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांशसमेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैंले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो, अनुसन्धान होस्। त्यसैगरी उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारका दिनको बैठकमा उपस्थिती भएको हस्ताक्षर मैले गरेको हो। उक्त निर्णय पाना १ र २ को बेहोरा आरोपित रेवती खनालले नै लेखेका हुन्। उक्त निर्णयको दोस्रो पानाको अन्तिम (बन्द) मा भएका हस्ताक्षरहरू मध्येको हस्ताक्षर मैले गर्ने जस्तो पारेर किर्ते गरेको समेत देखें, उक्त मेरो जस्तो पारेर गरेको किर्ते हस्ताक्षर रेवती खनाल आफूले वा अन्य को कसबाट गराएको हो, सो सम्बन्धमा समेत अनुसन्धान होस्। उक्त माइन्युट किताब आरोपित तत्कालीन अध्यक्ष रेवती खनालकै जिम्मामा रहने गरेको थियो भन्ने समेत बेहोराको मोहन विक्रम मल्लको घटनाविवरण कागज।

१६. **इन्दिरा श्रेष्ठको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको निर्णयमा भएको हस्ताक्षर म आफूले नै गरेकी हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु.१०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो तर हाल आएर उक्त रकम रु.१०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ, जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांशसमेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो, अनुसन्धान होस्। त्यसैगरी

उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा उपस्थिती खण्डमा भएको हस्ताक्षर मैले गरेकी हुँ तर सोही निर्णयको अर्को पानाको अन्तिम (बन्द) मा भएको मैले गर्ने जस्तै पारी गरेको हस्ताक्षर मैले गरेको होइन, रेवती खनाल वा अन्य को कसले किर्ते गरेको हो, अनुसन्धान होस् भन्ने समेत बेहोराको इन्दिरा श्रेष्ठले गरेको घटनाविवरण कागज।

१७. **तुलादेवी लावतीको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेकी हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु.१०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो तर हाल आएर उक्त रकम रु.१०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ, जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांश समेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैंले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो, अनुसन्धान होस्। त्यसैगरी उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा उपस्थिती खण्डमा भएको हस्ताक्षर मात्र मैले गरेकी हुँ भन्ने समेत बेहोराको तुलादेवी लावतीले गरेको घटनाविवरण कागज।

१८. **मिना भण्डारी काफ्लेको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं १५१/१४७ मिति २०७४/०६/०७ गते निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेकी हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु.१०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो तर हाल आएर उक्त रकम रु.१०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ, जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांश समेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन पछि आरोपित रेवती खनाल आफैले वा निज वाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो अनुसन्धान होस्। त्यसै गरी उक्त माइन्युट किताबमा बैठक नं १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा उपस्थिती खण्डमा भएको हस्ताक्षर मैले गरेकी हुँ तर सोही निर्णयको अर्को पानाको अन्तिम (बन्द) मा भएको मैले गर्ने जस्तै पारी गरेको हस्ताक्षर मैले गरेको होइन, रेवती खनाल वा अन्य को कसले किर्ते गरेको हो, अनुसन्धान होस् भन्ने समेत बेहोराको मिना भण्डारी काफ्लेले गरेको घटनाविवरण कागज।

१९. **प्रकाश खतिवडाको घटना विवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेको हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु. १०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो तर हाल आएर उक्त रकम रु. १०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई "बीस" बनाएको देखिन्छ, जुन थप गरेको अङ्क र अक्षर किर्ते भएको अङ्क र अक्षर हो र

सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांश समेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनाल आफैले वा निज बाहेक अन्य को कसले किर्ते गरी थप गरेको हो अनुसन्धान होस्। त्यसै गरी उक्त माइन्युट किताबमा बैठक नं १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारको बैठकमा मेरो उपस्थिति थिएन। उक्त निर्णयको दोस्रो अन्तिम पानाको (बन्द) भागमा भएको किर्ते हस्ताक्षर तथा थप गरेका अङ्क अक्षर आरोपित रेवती खनाल वा अन्य को कसले किर्ते गरेको हो, अनुसन्धान होस् भन्ने समेत बेहोराको प्रकाश खतिवडाले गरेको घटनाविवरण कागज।

२०. **रूद्रप्रसाद पोखेलको घटनाविवरण कागजः** पतालगंगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको माइन्युट किताबमा भएको मध्ये बैठक नं. १५१/१४७ मिति २०७४।०६।०७ गते शनिबारको बैठकको निर्णयमा मेरो नाउँमा भएको हस्ताक्षर म आफूले नै गरेको हुँ। उक्त निर्णय गर्दा निर्णय नं. २ मा रकम रु. १०,००,०००।– (दश लाख) को मात्र निर्णय भएको थियो हाल आएर उक्त रकम रु. १०,००,०००।– (दश लाख) मा अङ्क "१" लाई किर्ते गरी अङ्क "२" बनाएको र अक्षर "दश"लाई किर्ते गरी "बीस" बनाएको देखिन्छ, जुन थप गरेको अङ्क र अक्षर किर्ते गरेको अङ्क र अक्षर हो उक्त सक्कल माइन्युट अध्यक्ष रेवती खनालकै नियन्त्रणमा रहने हुँदा निजले नै किर्ते गरेको हुनुपर्छ र सोही निर्णयको पछिल्लो पानाको दोस्रो हरफमा "यसको लागि संस्थाका अध्यक्ष रेवती खनाललाई अख्तियारी दिइएको छ" भन्ने वाक्यांशसमेत तत्काल निर्णय हुन्जेलसम्म उल्लेख थिएन। पछि आरोपित रेवती खनालले नै थप गरेका रहेछन्। त्यसै गरी उक्त माइन्युट किताबमा बैठक नं. १७३/१६९, मिति २०७६।१२।१० गते सोमबारका दिनको बैठकमा उपस्थिती खण्डमा मेरो नाउँमा भएको हस्ताक्षर मैले गरेको हो। उक्त निर्णयको दोस्रो पानाको अन्तिम (बन्द) मा भएका केही हस्ताक्षरहरू सम्बन्धित ब्यक्तिहरूले नगरेको भन्ने सुनें। उक्त किर्ते हस्ताक्षरहरू समेत रेवती खनालले नै गरे गराएको हुनुपर्छ। उक्त संस्थामा हुँदा मेरो पदीय जिम्मेवारी अन्तर्गत ऋण लिन आउने व्यक्तिहरूको सम्बन्धमा निजहरूको धितो हेर्ने, बिनाधितो दिने प्रावधानको भए सो को प्रक्रियाका लागि अनुसन्धान गर्न जाने र प्रतिवेदन दिने समेतको कार्य थियो। जाहेरी दरखास्तमा उल्लिखित आरोपितहरू रेवती खनाल, निजकै पत्नी कमलादेवी खनाल भट्टराई, भाइ सिताराम खनाल, बहिनी गोमा खनाल भण्डारी, मामाससुरा अनन्त जीवन लुइँटेलसमेतले मिलोमतोमा संस्थाको कुल जम्मा रकम रु.२,०६,०८,३८३।५२ (दुई करोड छ लाख आठ हजार तीन सय त्रियासी रुपैयाँ बाउन्न पैसा) रकम हिनामिना गरेको हुँदा निजहरूलाई हदैसम्मको कारवाही सजाय गरी संस्थालाई बिगोसमेत भराइयोस् भन्ने समेत बेहोराको रुद्रप्रसाद पोखेलले गरेको घटनाविवरण कागज।

२१. **अभियुक्त उपरको अभियोगः** प्रतिवादी रेवती खनालले आफू अध्यक्ष र व्यवस्थापक भएको पतालगंगा बचत तथा ऋण सहकारी संस्थावाट बिनाधितो बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई, जमानत वा सुरक्षण समेत नराखी तोकिएकोभन्दा बढी रकम ऋण लगानी गरेको, एकलौटी ढङ्गले कम्प्यूटरको सफ्टवेयर समेत बदली, शेयर रकम हिनामिना गरी, ऋण असुली हुन नसक्ने गरी आफ्ना नातेदारका मानिसहरू पत्नी कमलादेवी भट्टराई खनाल, भाइ सिताराम खनाल, बहिनी गोमा खनाल भण्डारी र मामाससुरा अनन्त जीवन लुइँटेल समेतलाई ऋण लगानी गरेको देखाई आफूले समेत ऋण लिएको देखाई तथा अन्य रकमसमेत गरी जम्मा रु.२,०६,०८,३८३।५२ रकम हिनामिना गरेको तथा उक्त संस्थाको बैठकको निर्णय पुस्तिकामा आफूलाई फाइदा पुग्ने गरी किर्ते गरी किर्ते

सहिछापसमेत गरेको तथ्य पुष्टी भएको हुँदा प्रतिवादी रेवती खनाललाई सहकारी ऐन, २०७४ को दफा १२२ को उपदफा (घ), (ङ), (च) र (ढ) बमोजिमको सहकारीको रकम हिनामिना र किर्तेसमेत गरेको कसूरमा सोही ऐनको दफा १२४(१)(घ)(४) बमोजिम (बिगो भराई बिगोबमोजिम जरिवाना गरी चार वर्षदेखि छ वर्षसम्म कैद) तथा १२४(१)(ङ) बमोजिम (दश वर्षसम्म कैद) सजाय गरी निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१) र (२) बमोजिम आपराधिक विश्वासघात गरेको कसूरमा सोही संहिताको दफा २५२(३)(क) बमोजिम (पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना) सजाय हुन तथा प्रतिवादीहरू गोमादेवी खनाल, कमलादेवी भट्टराई खनाल, सिताराम खनाल र अनन्त जीवन लुइँटेललाई सहकारी ऐन, २०७४ को दफा १२२(त) बमोजिम सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याएको कसूरमा सोही ऐनको दफा १२४(१)(घ)(२) बमोजिम (बिगो भराई बिगोबमोजिम जरिवाना गरी दुई वर्षदेखि तीन वर्षसम्म कैद) सजाय हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ती शुल्क ऐ. उपदफा ३ बमोजिम प्रतिवादीहरूवाट भराई ऐ. उपदफा ५ बमोजिम पीडित राहत कोषमा जम्मा गरी पाउन मागदावी लिई दायर भएको अभियोग पत्र।

२२. **प्रतिवादी गोमा खनाल भण्डारीले अदालतमा गरेको बयानः** मैले अभियोग दाबी बमोजिमको कसूर गरेकी छैन। मैले पतालगंगा बचत तथा ऋण सहकारी संस्थाको कुनै सदस्यता लिएको छुइन। सो सहकारीबाट मैले ऋणसमेत लिएको छुइन। उक्त सहकारी भएको स्थानमा गएको पनि छुइन। जाहेरवालाहरूले भने जस्तो मैले उक्त सहकारीको रकम हिनामिना गरेको नहुँदा मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन। मेरो नामबाट कसैले उक्त रकम किर्ते गरेर रकम झिकेर खाएका होलान् त्यहि भएर म उपर जाहेरी परेको हुन सक्छ। कसले यसरी किर्ते कार्य गरी उक्त रकम झिकेका हुन् भन्ने समेत मलाई थाहा छैन। तमसुकमा भएको सहिछाप मेरो होइन भन्ने समेत बेहोराको प्रतिवादी गोमा खनाल भण्डारीले अदालतमा गरेको बयान।

२३. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादी गोमा खनाल भण्डारीबाट रु.१,५०,०००।— नगद वा सो बराबारको जेथा जमानत वा बैङ्क ग्यारेन्टी माग गरी दिए तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने आदेशबमोजिम प्रतिवादी गोमा खनाल भण्डारीले धरौट दाखिल गरी मुद्दा पूर्पक्षका लागि तारिखमा रहेको।

२४. **प्रतिवादी अनन्त जीवन लइँटेलले अदालतमा गरेको बयानः** उक्त कार्यमा मेरो संलग्नता, मिलिमतो छैन। मैले ऋण खाएको पनि होइन। के कुन प्रक्रियाबाट समितका मानिसहरूले ऋण प्रवाह गर्नु भएको हो, मलाई थाहा भएन। मेरो नामबाट के कुन तवरबाट ऋण निकालेर चलाएका हुन् सो कुरासमेत मलाई थाहा भएन। मैले पतालगंगा बचत तथा ऋण सहकारी संस्था देखेको छैन। उक्त सहकारी के कहाँ रहेको छ भन्ने समेत मलाई थाहा छैन। मैले अभियोग दाबी बमोजिमको कसूर गरेको नहुँदा अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन। तमसुक कागजमा भएको सहिछाप समेत मेरो नहुँदा परीक्षण गरिपाउँ भन्ने समेत बेहोराको प्रतिवादी अनन्त जीवन लुइँटेलले अदालतमा गरेको बयान।

२५. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादी अनन्त जीवन लुइँटेलबाट रु.७५,०००।— नगद वा सो बराबारको जेथा जमानत वा बैङ्क ग्यारेन्टी माग गरी दिए तारेखमा

राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने आदेशबमोजिम प्रतिवादी अनन्त जीवन लुइँटेलले धरौट दाखिल गरी मुद्दा पुर्पक्षको लागि तारिखमा रहेको।

२६. **प्रतिवादी कमलादेवी भट्टराई खनालको नाउँमा जारी भएको समाव्हानः** प्रतिवादी कमलादेवी भट्टराई खनालकोको नाउँमा जारी भएको २१(एक्काइस) दिने समाव्हान मिति २०७९।११।०५ मा निज प्रतिवादीका ससुरा राजन खनालले बुझी रीतपूर्वक तामेल भएकोमा प्रतिवादी मुद्दामा हाजिर नभई फरार रहेको।

२७. **प्रतिवादी सिताराम खनालको नाउँमा जारी भएको समाव्हानः** प्रतिवादी सिताराम खनालकोको नाउँमा जारी भएको २१(एक्काइस) दिने समाव्हान मिति २०७९।११।०५ मा निज प्रतिवादीका बुवा राजन खनालले बुझी रीतपूर्वक तामेल भएकोमा प्रतिवादी मुद्दामा हाजिर नभई फरार रहेको।

२८. **जाहेरवाला टंकप्रसाद भेटवालको बकपत्रः** म संलग्न रहेको संस्थाको अध्यक्ष रेवती खनाल, निजको भाइ राजन खनाल, निजकी पत्नी कमलादेवी भट्टराई खनाल, निजकी बहिनी गोमा खनाल भण्डारी र निजका मामाससुरा अनन्त जीवन लुइँटेलसमेतले संस्थाको बचत, ऋण रकम र शेयर रकमबाट प्राप्त रकम रु. २,०६,०८,३४३।— सञ्चालक समितिको निर्णय नगरी संस्थालाई जानकारी नगराई आफूखुसी प्रयोग गरी हिनामिना गरेको हो। बचतकर्ताहरू सहकारीको खातामा पैसा नभएको भनी चेक फिर्ता भएकोले सो सम्बन्धमा अध्यक्ष रेवती खनाललाई सोध्न अफिस बोलाउँदा उक्त मितिदेखि नै निज फरार रहेकोले सञ्चालक समितिको बैठक राखी रकम सम्बन्धमा खोजतलास गर्दा निज अध्यक्षले कर्मचारीको नामबाट चेक प्रयोग गरी कर्मचारी छुट्टि बसेको बखत कम्प्युटरमा आफ्नो नाममा ऋण मात्र देखाई कर्मचारीको सहि भएको चेक प्रयोग गरी रकम निकालेर हिनामिना गरेको कुरा जानकारी भयो। उक्त कुरा लेखापरीक्षण प्रतिवेदनबाट पनि खुल्न गएको हो भन्ने समेत बेहोराको जाहेरवाला टंकप्रसाद भेटवालको बकपत्र।

२९. **घटनाविवरण कागज गर्ने कल्पना घिमिरेको बकपत्रः** सहकारी संस्थाको माइन्युट किताब अध्यक्ष रेवती खनालको जिम्मामा रहने गरेको थियो। उक्त माइन्युट किताबमा भएको निर्णयको बेहोरामा हेरफेर भएको कुरा मैले पछि थाहा पाएकी हुँ। उक्त विवरणमा अङ्क १० को ठाउँमा २० बनाउनु भएको रहेछ। मैले उपस्थितिमा सहि गरेर फिल्डमा गँए। त्यसपछि तलपट्टि निर्णय बन्द गर्दा सहि भएको रहेछ, उक्त सहि मेरो होइन। माइन्युटमा भएको निर्णयको बेहोरा रेवती खनालले नै लेख्नु हुन्थ्यो भन्ने समेत बेहोराको घटनाविवरण कागज गर्ने कल्पना घिमिरले अदालतमा गरेको बकपत्र।

३०. **प्रतिवादी अनन्त जीवन लुइँटेलको साक्षी सरला खतिवडाको बकपत्रः** प्रतिवादीलाई मैले २६/२७ बर्षदेखि चिनेको हुँ। निज मेची कलेजको प्रोफेसर हुनुहन्छ। उहाँ प्रति लगाएको आरोप झुट्टा छन्। उहाँले सहिछाप गरी उक्त रकम निकालेको होइन। उहाँले सहकारीलाई हानी नोक्सानी पुऱ्याएको छैन। तमसुक सरासर झुट्टो हो। तमसुकमा भएको सहिछाप व्यवस्थापकले मिलाएर आफैं सहिछाप गरेको हो। उहाँ उपरको अभियोग झुट्टो हो। त्यो संस्थामा निज अपचलन, किर्ते गर्न सक्ने हैसियतमा हुनुहन्न भन्ने समेत बेहोराको प्रतिवादी अनन्त जीवन लुइँटेलको साक्षी सरला खतिवडाले अदालतमा गरेको बकपत्र।

३१. **प्रतिवादी गोमा खनाल भण्डारीको साक्षी सिताकुमारी गुरूङको बकपत्रः** मैले प्रतिवादीलाई बच्चादेखि चिनेको हुँ, उहाँ एकदम राम्रो व्यवहार भएको व्यक्ति हुनुहुन्छ। निज प्रतिवादीले सहकारी संस्थाको

ऋण खाएको, हानी नोक्सानी पुऱ्याएको छैन। उहाँ उक्त सहकारी संस्थाको कुनै पदीय जिम्मेवारीमा हुनुहन्न। उहाँप्रति लगाइएको आरोप झुट्ठो हो। गोमा खनालको कुनै संलग्नता छैन। उक्त तमसुकमा भएको सहिछाप व्यवस्थापकले मिलाएर आफैं सहिछाप गरेको हो। गोमा खनालको सहिछाप होइन। उहाँ उपरको अभियोग झुट्ठो हो भन्ने समेत बेहोराको प्रतिवादी गोमा खनाल भण्डारीको साक्षी सिताकुमारी गुरुङले अदालतमा गरेको बकपत्र।

३२. **घटनाविवरण कागज गर्ने गंगा सापकोटाको बकपत्रः** मैले २०७६ सालदेखि उक्त सहकारी संस्थामा काम सुरू गरेकी हुँ। रेवती खनाल र निजका ४ जना आफन्तहरू अनन्त जीवन लुइँटेल, गोमा खनाल भण्डारी, सिताराम भण्डारी, कमलादेवी भट्टराईले सहकारीमा सदस्यहरूले दुःख गरेर जम्मा गरेको रकम सदस्यले डिपोजिट फिर्ता लिन आउँदा बैङ्क खातामा रकम नहुँदा सञ्चालक समितिले खोजतलास गर्दा रेवती खनाल र निजका आफन्तले जिल्ला सहकारीबाट लिएको ऋण समेतको पैसा आफ्नो परिवारको नाममा लिएर ऋण प्रवाह गरेको भनी अपचलन गरेको थाहा पाएकी हुँ। जम्मा रु.२,०६,०८,३८३।५२ हिनामिना भई सहकारीलाई नोक्सान भएको कुरा मलाई जानकारी छ। उल्लिखित नोक्सानीको विवरण लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको छ भन्ने समेत बेहोराको घटनाविवरण कागज गर्ने गंगा सापकोटाले अदालतमा गरेको बकपत्र।

३३. **जाहेरवाला युवराज गिरीले गरेको बकपत्र**ः संस्थाको पूर्वअध्यक्ष एवम् व्यवस्थापक रेवती खनाल, कमलादेवी भट्टराई खनाल, सिताराम खनाल, गोमा खनाल भण्डारी, अनन्त जीवन लुइँटेलसमेतले संस्थाको रु.२,०६,०८,३८३।५२ हिनामिना गरेको हो। संस्थाको नामको जिल्ला सहकारी संघमा रहेको खातामा संस्थाबाट चेक लिएर नगद लिन जाँदा त्यहाँ रकम नभएपछि प्रतिवादीहरूले रकम हिनामिना गरेको कुरा म समेतलाई जानकारी हुन आयो। प्रतिवादी रेवती खनाल र निजका नातेदारसमेतले मिलेर सञ्चालक समिति, लेखा समिति, अन्य उपसमितिलाई समेत थाहा नदिई एकआपसमा ऋण लगानी गर्ने र खानेमास्ने भएको रहेछ। प्रतिवादी रेवती खनालले हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.लाई रु.२५,००,०००।- को संस्थाको नामको चेक दिनु भएको रहेछ, सो रकम हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.ले निकालेको हुँदा खातामा पैसा नभएको र रकम हिनामिना भएको कुरा थाहा भयो। यो कुरा थाहा भएपछि संस्थाको सञ्चालक समिति भएर खोजी गर्दा प्रतिवादीहरू रेवती खनाल, कमलादेवी भट्टराई खनाल, सिताराम खनाल, गोमा खनाल भण्डारी, अनन्त जीवन लुइँटेलले संस्थाको दायरा बाहिर गएर बिनाधितो लगानी गरेको रहेछ भन्ने समेत बेहोराको जाहेरवाला युवराज गिरीले अदालतमा गरेको बपकत्र।

३४. **घटनाविवरण कागज गर्ने अग्नीप्रसाद बास्कोटाको बकपत्रः** अध्यक्ष रेवती खनालले सहकारीको महत्त्वपूर्ण कागजातहरू जलाई दिनुभयो। सञ्चालक समितिको निर्णय बिना कम्प्युटरको सफ्टवेयर परिवर्तन गर्नुभएको, निजका आफन्तहरूले सहकारीबाट बिनाधितो रुपैयाँ ऋण लग्नुभएको र हालसम्म ऋण तिर्नु भएको छैन। सहकारीबाट रु.२,०६,०८,३८३।५२ ऋण निज तत्कालीन अध्यक्ष रेवती खनालले आफन्तहरूलाई दिई उक्त रकम हानी नोक्सानी भएको छ। प्रतिवादी रेवती खनालले सञ्चालक समितिलाई जानकारी नगराई ऋण प्रवाह गर्नुभएको हो। अन्य प्रतिवादीहरू गोमा खनाल, कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्त जीवन लुइँटेल प्रतिवादी रेवती खनालका नातामा मानिसहरू भएको हुँदा निजहरू समेतको संलग्नता देखिन्छ भन्ने समेत बेहोराको मौकामा कागज गर्ने अग्नीप्रसाद बास्कोटाले अदालतमा गरेको बकपत्र।

३५. **घटनाविवरण कागज गर्ने रूद्रप्रसाद पोखरेलको बकपत्रः** सहकारी संस्थाबाट रकम हिनामिना भएको विषयमा मलाई पछि थाहा भएको हो। संस्थाका महत्त्वपूर्ण कागजातहरू जलाएको हुँदा भेटिएनन्। कम्प्युटरमा ऋण लिएको देखिन्छ। तत्कालीन संस्थाका अध्यक्ष रेवती खनाल लगायत निजका परिवार मिलेर संस्थाको रु.२,०६,०८,३८३।५२ हिनामिना गर्नुभएको हो। प्रतिवादी रेवती खनालले ऋण प्रवाह गर्दा संस्थाको सञ्चालक समितिलाई जानकारी गराए नगराएको विषयमा मलाई थाहा भएन। संस्थाको माइन्युट किताब अफिसमा हुन्थ्यो, चाँबी अध्यक्ष रेवती खनालसँग हुन्थ्यो, त्यसमा कहिँले अध्यक्ष र कहिँले सचिवले निर्णय लेख्नुहुन्थ्यो। निर्णयमा रकमको अक्षर अङ्कमा फरक पारेर हेरफेर भएको पाइएको छ भन्ने समेत बेहोराको मौकामा कागज गर्ने रूद्रप्रसाद पोखरेलले अदालतमा गरेको बकपत्र।

३६. **घटनाविवरण कागज गर्ने पुष्पाकुमारी राईको बकपत्रः** २०६९ सालतिर म लेखा समिति सदस्यको पदमा रहेर काम गर्थे। प्रतिवादी रेवती खनाल लगायत पाँचजनाले रु.२,०६,०८,३८३।५२ हिनामिना गर्नुभएको जानकारी थाहा छ। प्रतिवादी रेवती खनालका मामाससुरा, बहिनी, पत्नी, भाइको नाममा पन्ध्र/पन्ध्र लाख रुपैयाँ ऋण लगानी रहेछ। रु.२,०६,०८३८३।५२ बाट रु.६०,००,०००।- चारजनाका नाममा ऋण लगानी रही बाँकी रकम प्रतिवादी कमलादेवी खनाल, सिताराम खनाल, गोमा भण्डारी, रेवती खनाल, अनन्त जीवन लुइँटेल मिलेर हिनामिना गर्नु भएको थाहा छ। उल्लिखित नोक्सानीको विषय लेखापरीक्षण प्रतिवेदनमा समावेश छ भन्ने समेत बेहोराको मौकामा कागज गर्ने पुष्पाकुमारी राईले अदालतमा गरेको बकपत्र।

३७. **घटनाविवरण कागज गर्ने दुर्गा गिरीको बकपत्रः** प्रतिवादी रेवती खनाल र म लेखा समितिमा थियौं। रेवती खनाल अध्यक्ष हुनुअघि मैले सहकारीको काम छोडेको हुँ। म कार्यरत रहँदा हामी महिनामा एकपटक बैठक बस्थ्यौं, त्यस्तो कुनै किसिमको हिनामिना भएको थिएन। प्रतिबादी रेवती खनाल रकम हिनामिना गरेर भागेको खबर पाएपछि म सहकारीमा गएकी थिएँ। अर्जुनधारा-१० को जग्गा धितो राखेर मैले निकालेको रु.३,५०,०००।- ऋण मैले चुक्ता गरिसकेको थिए र रेवता खनालले धनीपूर्जा फुकुवा गरिदिएका थिए तर सहकारीको प्रणालीमा चाँही मेरो ऋण अझैं कायम रहेको लगायतका विविध हिनामिना गरेको घटना सहकारी जाँदा थाहा भयो भन्ने समेत बेहोराको मौकामा कागज गर्ने दुर्गा गिरीले अदालतमा गरेको बकपत्र।

३८. **जाहेरवाला मोहन विक्रम मल्लको बकपत्रः** सहकारी संस्थाको रु.२,०६,०८,३८३।५२ हिनामिना भएको भनी लेखा तथा छानविन समितिले लेखापरीक्षणबाट देखाएको हो। उक्त रकम हिनामिनामा तत्कालीन अध्यक्ष रेवती खनाल, निजकी पत्नी कमलादेवी खनाल, निजको सहोदर भाइ सिताराम खनाल, निजकी बहिनी गोमा खनाल भण्डारी, निजको मामाससुरा अनन्त जीवन लुइँटेलको संलग्नता रहेको छ। उल्लिखित हिनामिनाको विषय संस्थाको लेखापरीक्षण प्रतिवेदनबाट खुल्न आएको छ भन्ने समेत बेहोराको जाहेरवाला मोहन विक्रम मल्लले अदालतमा गरेको बकपत्र।

३९. **जाहेरवाला कमलसिंह राजवंशीको बकपत्रः** सहकारी संस्थाको रु.२,०६,०८,३८३।५२ हिनामिना भएको भनी लेखा तथा छानविन समितिले लेखापरीक्षणबाट देखाएको हो। उक्त रकम हिनामिनामा तत्कालीन अध्यक्ष रेवती खनाल, निजकी पत्नी कमला देवी खनाल, निजको सहोदर भाइ सिताराम खनाल, निजकी बहिनी गोमा खनाल भण्डारी, निजको मामाससुरा अनन्त जीवन लुइँटेलको संलग्नता

रहेको छ। उल्लिखित हिनामिनाको विषय संस्थाको लेखापरिक्षण प्रतिवेदनबाट खुल्न आएको छ भन्ने समेत बेहोराको जाहेरवाला जाहेरवाला कमलसिंह राजवंशीले अदालतमा गरेको बकपत्र।

४०. प्रतिवादीहरूले तमसुक कागज गरी ऋण लिएको भन्ने अभियोग दावी रहेकोमा प्रतिवादीहरू गोमा खनाल भण्डारी र अनन्त जीवन लुइँटेलले अदालतमा बयान गर्दा सहकारी संस्थाबाट ऋण लिएको छैन, लिखतमा भएको सहिछाप मेरो होइन भनी बयान गरेको देखिँदा निज प्रतिवादीहरूले संस्थाबाट ऋण लिँदा गरेको तमसुक कागजको सक्कल अभियोजन पक्षबाट पेस गर्न लगाई उक्त तमसुक प्रतिवादीहरूलाई देखाई प्रतिक्रिया लिई मिसिल सामेल गर्नू भन्ने मिति २०८१।०१।३० को आदेश अनुसार जिल्ला सरकारी वकील कार्यालय भद्रपुर झापाको च.नं.४२०६ मिति २०८१।०८।१३ को पत्रसाथ सक्कल तमसुक प्राप्त भई मिसिल सामेल रहेको। उक्त संस्थामा मेरो खाता समेत छैन, संस्था कहाँ छ त्यो पनि मलाई थाहा छैन। संस्थाबाट मैले ऋण खाएको र तमसुक गरिदिएको छैन। तमसुकमा भएको मेरो भनिएको सहिछाप मेरो होइन। उक्त तमसुक किर्ते हो, सद्दे होइन भन्ने बेहोराको प्रतिवादी गोमा खनाल भण्डारीले अदालतमा गरेको प्रतिक्रिया कागज।

४१. उक्त संस्थामा मेरो खाता थियो, रेवती खनाल भन्ने व्यक्तिले मलाई खाता खोलाएको हो। २०७० सालदेखि मैले उक्त संस्थामा पैसा जम्मा गरेको छैन। त्यो भन्दा अगाडि मासिक बचत गर्ने गरेको थियो। संस्था कहाँ छ, त्यो पनि मलाई थाहा छैन। संस्थाबाट मैले ऋण खाएको र तमसुक गरिदिएको छैन। तमसुकमा भएको मेरो भनीएको सहिछाप मेरो होइन। उक्त तमसुक किर्ते हो, सद्दे होइन भन्ने बेहोराको प्रतिवादी अनन्त जीवन लुइँटेलले अदालतमा गरेको प्रतिक्रिया कागज।

४२. प्रतिवादी गोमा खनाल र अनन्त जीवन लुइँटेलको हस्ताक्षर तथा ल्याप्चे नमूना सहिछाप सरकारी वकीलको रोहबरमा लिई उक्त नमूना सहिछाप र निजको नामको सक्कल तमसुकको सहिछाप मिल्छ मिल्दैन? भिड्छ भिड्दैन? सो सम्बन्धमा रेखा तथा लेखा विशेषज्ञबाट परीक्षण गराउनू भन्ने आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण भई प्राप्त परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

४३. **प्रतिवादी रेवती खनालले अदालतमा गरेको बयान:** मैले अभियोग दाबी बमोजिम संस्थाको रु. २,०६,०८,३८३।५२ हिनामिना गरेको होइन। मैले संस्थाको विभिन्न मितिमा गरी साँवा रु. ५५,००,०००।- र सोको ब्याज हर्जना वापत २०७८ असार मसान्त सम्मको रु. ३६,००,०००।- गरी जम्मा करिब रु. ९१,००,०००।- जति तिर्न बाँकी रहेको हो। मैले बिना धितो बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई, जमानत वा सुरक्षण समेत नराखी तोकिएको भन्दा बढी रकम ऋण लगानी गरेको हो। मैले कसैको शेयर रकम हिनामिना गरेको छैन। मैले संस्थाको बैठकको निर्णय पुस्तिकामा आफूलाई फाइदा पुग्ने गरी किर्ते सहिछाप गरेको होइन, छैन। मैले सहकारीबाट कर्जा लिएको कुरा अन्य प्रतिवादीहरूलाई थाहा जानकारी थिएन। मैले निजहरूको किर्ते सहिछाप गरी ऋण तमसुक तयार गरी ऋण लिएको हुँ। मैले रु. ९१,००,०००।- जति मात्र हिनामिना गरेको हुँदा मलाई सो बमोजिम मात्र हनुपर्ने हो। अन्य प्रतिवादीहरूलाई मैले उल्लिखित रकम लिएको थाहा जानकारी नै नभएको हुँदा निजहरूलाई सजाय हनुपर्ने होइन। जाहेरवालाले किन रू. २,०६,०८,३८३।५२ हिनामिना गरेको जाहेरी दिनुभयो भन्ने बारेमा मलाई थाहा भएन। कुनै कागजात जलाएको र नष्ट गरेको छुइन। सञ्चालक समितिको निर्णयले नै कम्प्युटरको सफ्टवेयर बदलेको हो, मैले एकलौटी ढङ्गले बदलेको होइन। सहकारीबाट लिएको रकम व्यापार व्यवसायमा

लगानी गरेकोमा लगानी बिग्रन गएको हुँदा सहकारीको हिसाब मिलान गर्न नसकेको हुँ। मैले सहकारीलाई डुबाउने उद्देश्यले तथा आपराधिक विश्वासघात गर्ने उद्देश्यले रकम लिएको होइन। दुर्गा गिरीबाट धितो रकम बुझेको होइन, मैले रकम नबुझी जग्गा फुकुवा चाँही गरेको हो। मैले कुनै अङ्क अक्षर सच्याएको होइन, मलाई बैठकले निर्णय नै गरी अख्तियारी दिएको हो, मैले थपघट गरेको होइन भन्ने समेत बेहोराको प्रतिवादी रेवती खनालले अदालतमा गरेको बयान।

४४. **थुनछेक आदेशः** पछि ठहरे बमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी रेवती खनाल उपर लगाएको अभियोग दावीको कसूरको र निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम हन सक्ने सजाय तथा निज प्रतिवादीले अदालतमा बयान स्वीकार गरेको कसूरमा समेत हुन सक्ने सजाय समेत विचार गर्दा निजलाई थुनामै राखी पूर्पक्ष गर्न उपयुक्त देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०८२।०१।२३ को आदेशानुसार प्रतिवादी रेवती खनाल मुद्दा पूर्पक्षको लागि थुनामा रहेको।

४५. **प्रतिवादी रेवती खनालको साक्षी खगेन्द्र खतिवडाको बकपत्रः** प्रतिवादी रेवती खनाललाई वि.सं. २०६४ सालदेखि चिन्दछु। निजको विगतमा राम्रो चालचलन थियो। निज प्रतिवादी रेवती खनाल पतालगंगा बचत तथा ऋण सहकारी संस्थामा आबद्ध हुनुहन्थ्यो भन्ने कुरा मैले सुनेको हुँ। निजले भनेको रु.९१,००,०००।- (एकानब्बे लाख) मात्र हिनामिना गर्नुभएको सम्मको कुरा ठिक हो। त्यो भन्दा बढी चाँही हिनामिना गर्नुभएको होइन जस्तो लाग्छ। प्रतिवादी रेवती खनाल आफैं अध्यक्ष र व्यवस्थापक हुनुहुन्थ्यो। यसमा सबै कुरा प्रतिवादी रेवती खनालले नै गर्नुभएको हो। यसमा अरू कसैको पनि संलग्नता रहेको छैन भन्ने समेत बेहोराको प्रतिवादी रेवती खनालको साक्षी खगेन्द्र खतिवडाले अदालतमा गरेको बकपत्र।

४६. यस अदालतको आदेशानुसार पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.को बैठक नं १५१/१४७ मिति २०७४।०६।०७ गतेको बैठक निर्णय भएको सक्कल माइन्युट बुक प्राप्त भई मिसिल साथै रहेको।

४७. इलाका प्रहरी कार्यालय अनारमनी झापाको पत्रसाथ नमूना परीक्षणको लागि नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएकोमा परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको।

## अदालतको ठहर

४८. नियमबमोजिम साप्ताहिक पेसी सूचीमा चढी दैनिक पेशी सूचिमा पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको अभियोग मागदावी र मिसिल संलग्न कागजातहरुको अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायधिवक्ता श्री दीपक अधिकारी तथा जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री खेमनाथ भट्टराई र प्रतिवादीहरू गोमा खनाल र अनन्तजीवन लुईटेलको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरज खत्री र शान्ता पाठक साथै प्रतिवादी रेवती खनालको तर्फबाट उपस्थित वैतानिक विद्वान अधिवक्ता श्री कोपिला अधिकारीले गर्नुभएको वहससमेत सुनि निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीहरू रेवती खनाल, गोमा खनाल तथा अनन्तजिवन लुईटेल समेतले वादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम किर्ते समेत गरी सहकारीको रकम हिनामिनाको कसुर गरेको हो, होइन? र अपराधिक विश्वासघात गरेको हो होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

४९. यसमा प्रतिवादी रेवती खनालले आफू अध्यक्ष र व्यवस्थापक भएको पतालगंगा बचत तथा ऋण सहकारी संस्थावाट बिनाधितो बिना प्रमाण सञ्चालक समितिको सहमति नलिई, जमानत वा सुरक्षण समेत नराखी तोकिएकोभन्दा बढी रकम ऋण लगानी गरेको, एकलौटी ढङ्गले कम्प्यूटरको सफ्टवेयर समेत बदली, शेयर रकम हिनामिना गरी, ऋण असुली हुन नसक्ने गरी आफ्ना नातेदारका मानिसहरू पत्नी कमलादेवी भट्टराई खनाल, भाइ सिताराम खनाल, बहिनी गोमा खनाल भण्डारी र मामाससुरा अनन्त जीवन लुइँटेल समेतलाई ऋण लगानी गरेको देखाई आफूले समेत ऋण लिएको देखाई तथा अन्य रकमसमेत गरी जम्मा रु.२,०६,०८,३८३।५२ रकम हिनामिना गरेको तथा उक्त संस्थाको बैठकको निर्णय पुस्तिकामा आफूलाई फाइदा पुग्ने गरी किर्ते गरी किर्ते सहिछापसमेत गरेको तथ्य पुष्टी भएको हुँदा प्रतिवादी रेवती खनाललाई सहकारी ऐन, २०७४ को दफा १२२ को उपदफा (घ), (ङ), (च) र (ढ) बमोजिमको सहकारीको रकम हिनामिना र किर्तेसमेत गरेको कसूरमा सोही ऐनको दफा १२४(१)(घ)(४) बमोजिम (बिगो भराई बिगोबमोजिम जरिवाना गरी चार वर्षदेखि छ वर्षसम्म कैद) तथा १२४(१)(ङ) बमोजिम (दश वर्षसम्म कैद) सजाय गरी निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१) र (२) बमोजिम आपराधिक विश्वासघात गरेको कसूरमा सोही संहिताको दफा २५२(३)(क) बमोजिम (पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना) सजाय हुन तथा प्रतिवादीहरू गोमादेवी खनाल, कमलादेवी भट्टराई खनाल, सिताराम खनाल र अनन्त जीवन लुइँटेललाई सहकारी ऐन, २०७४ को दफा १२२(त) बमोजिम सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याएको कसूरमा सोही ऐनको दफा १२४(१)(घ)(२) बमोजिम (बिगो भराई बिगोबमोजिम जरिवाना गरी दुई वर्षदेखि तीन वर्षसम्म कैद) सजाय हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ती शुल्क ऐ. उपदफा ३ बमोजिम प्रतिवादीहरूवाट भराई ऐ. उपदफा ५ बमोजिम पीडित राहत कोषमा जम्मा गरी भन्ने अभियोग रहेको देखिन्छ।

५०. निर्णयतर्फ विचार गर्दा, यि जाहेरवालाहरू समेत भई मिति २०६५।०९।२१ गते दर्ता नम्बर ७०/०६५/०६६ मा दर्ता भई अर्थ मन्त्रालय, आन्तरिक राजस्व बिभागबाट पान नं. ३०३२६२६५१ मिति २०६५।१०।१९ गतेदेखि सञ्चालन भई पाताल गंगा सहकारी बचत तथा ऋण संस्थाका सञ्चालक समितिका उपाध्यक्ष, सचिव, सदस्यहरू रहेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ। प्रतिवादी मध्येका रेवती खनाल उक्त सहकारी संस्थाका अध्यक्ष भई काम गरी आएको देखिन्छ। साथै प्रतिवादी रेवती खनालको अन्य प्रतिवादीहरू गोमा खनाल (भण्डारी) बहिनी, कमलादेवी भट्टराई (खनाल) एकासंगोलका पत्नी, प्रतिवादी सिताराम खनाल एकासंगोलका भाई र प्रतिवादी अनन्तजिवन घिमिरे मामा ससुराको नाता रहेको मानिस भएको पनि मिसिलबाट देखिन्छ। पातलगंगा बचत तथा ऋण सहकारी संस्थामा प्रतिवादी गोमादेवी खनाल भण्डारीको नाममा BL-01-608, कमला देवी भट्टराई खनालको नाममा BL-01-162, सिताराम खनालको नाममा BL-01-182 र अनन्तजीवन लुइँटेलको नाममा BL-01-212 ऋण खाता रहेको देखिन्छ। निज प्रतिवादीहरू गोमादेवी खनाल भण्डारी, कमलादेवी भट्टराई खनाल, सिताराम खनाल र अनन्तजीवन लुइँटेल उक्त सहकारी संस्थाको साधारण सदस्य रहेको भन्ने पनि मिसिल संलग्न जाहेरी व्यहोरा, घटना विवरण कागज तथा सहकारीलाई निरन्तर रकम बुझाउदै आएको रकम बुझाएको विवरण समेतबाट देखिन्छ। यि प्रतिवादी रेवती खनालले आफ्नो एकासंगोलको पत्नी तथा भाई बहिनी र मामा ससुरा समेतका यि प्रतिवादीहरूले सञ्चालक समितिको निर्णय, सहमती र मञ्जुरी नभई, बिना धितो बन्धक र बिना प्रमाण विभिन्न मितिमा पुनः ऋण लगानी गराएको देखाई यि प्रतिवादीहरू गोमा खनाल भण्डारी, कमलादेवी

भट्टराई (खनाल), सिताराम खनाल र अनन्त जीवन लुइँटेलले जनही रु.१७,०६,५०६।९२ रकम ऋण कर्जा लगानी गरेको र प्रतिवादी रेवती खनालले विभिन्न शिर्षकमा रकम हिनामिना गरेको रु. १,३७,८२,३५२।८४ गरी रु. २,०६,०८,३८३।५२ हिनामिना गरेको सहकारीमा दाखिला हुनुपर्ने भन्ने ब्यहोरा सहितको लेखा परिक्षण प्रतिवेदन, किटानी जाहेरी र वकपत्र, सोही सहकारी संस्थाका मानिसको कागज र वकपत्र, रकम अपचलनको तमसुक लिखत, लोन स्टेटमेन्ट र अन्य प्रतिवादीहरूको बयानबाट देखिन्छ। साथै प्रतिवादी रेवती खनालले अदालतमा गरेको बयान समेतमा रकमको सम्बन्धमा फरक बयान बाहेक कसुर गरेको भनी बयान गरेको मिसिल संलग्न प्रमाणबाट देखिदा पाताल गंगा सहकारी बचत तथा ऋण संस्थाको रु. २,०६,०८,३८३।५२ हिनामिना भएको देखियो।

५१. यसरी उक्त रकम हिनामिना गर्ने सम्बन्धमा सोही सहकारी संस्थाको अध्यक्षले सहकारी संस्थाको सम्पत्ती बचत वा शेयर हिनामिना गरेको, बिना धितो बन्धक ऋण असुल हुन नसक्ने गरी ऋण दिई हिनामिना गरेको, आफू एक्लैले आफु खुशी परिचालन गरी हानी नोक्सानी गरेको र सहकारी संस्थाका माइन्यूट किर्ते गरी मिति अङ्क व्यहोरा फरक पारी जालसाजी र कागजात नष्ट समेत गरेको भन्ने जाहेरवाला, उक्त संस्थाका सदस्यले गरेको बकपत्र, सहकारीको प्रतिवेदन र यि प्रतिवादीको बयान समेत रहेको पाइदा प्रतिवादी रेवती खनालले सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (घ)(ङ)(च) र (ढ) बमोजिमको कामकारवाही गरी सहकारी रकम हिनामिनाको कसुर अपराध गरेको मिसिल संलग्न प्रमाण र निजकै बयान र निजको साक्षीको वकपत्र समेतबाट ठहर्न आयो। यि प्रतिवादीलाई सहकारी ऐन बमोजिम संस्थाको कागजात किर्ते र रकम हिनामिना गरे तर्फ कसुरदार ठहर्याई सकेको देखिदा सोही प्रकृतिको मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१) र (२) बमोजिमको कसुर कायम गर्न फौज्दारी न्यायको सर्वमान्य सिद्धान्त, दोहोरो खतराको सिद्धान्त र मुलुकी अपराध संहिता, २०७४ को दफा ९ बमोजिम अपराधिक विश्वासघात तर्फको कसुरदार ठहर गर्न मिलेन।

५२. साथै मुख्य प्रतिवादी रेवती खनालले सहकारीको रकम हिनामिना आफु एक्लैले गरेको अन्य प्रतिवादीको संलग्नता नरहेको भनी बयान गरेको भए तापनि सह-प्रतिवादी गोमा खनाल, कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेलको हकमा विचार गर्दा यि प्रतिवादीहरू मुख्य कसुरदार रहेका रेवती खनालको एकासंगोलको सहोदर भाई बहिनी र पत्नी नाता र मामा ससुरा नाताका मानिस रहेका देखिन्छन। निजहरू विवादको पातल गंगा सहकारी बचत तथा ऋण संस्थाको सदस्य भई खाता समेत रहेको देखिन्छ। यि प्रतिवादीहरूको नाममा ऋण लिएको उक्त सहकारीको विवरण (ऋण) समेत देखिन्छ। विवादको पताल गंगा बचत तथा ऋण सहकारी संस्था लि. को च.नं. ७२ मिति २०८१।०८।११ को पत्र संलग्न प्रतिवादीहरूको विवरणको महलमा गोमा भण्डारी खनाल, अनन्तजिवन लुईटेल, सिताराम खनाल र कमलादेवी भट्टराईले जनही रु. १५,००,०००।—(पन्ध्र लाख) मिति २०६५।०६।१२ गते कर्जा लिएको, निजहरुको उक्त संस्थाको सदस्य भई केही रकम बचत रही जनही रु. १,००,०००।—(एक लाख) र शेयर समेत रहेको देखिन्छ। प्रतिवादीहरू गोमा खनाल, कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेलको नाममा थप ऋण जारी भई बिना धितोको रु.१७,०६,५०६।९२ कर्जा रहेको देखिन्छ। यि मुख्य प्रतिवादी रेवती खनालले कम्प्यूटरको सफ्टवेयर फेरबदल गरेको भन्ने बयान रहेको र उक्त सहकारीको कागजपत्र समेत यि

प्रतिवादीले नष्ट गरेको भन्ने जाहेरवालाको वकपत्र, मौकामा कागज गर्ने मानिसको वकपत्र समेतबाट देखिन्छ। साथै सोही संस्थाको सञ्चालक समितिको काम हेर्ने र गर्ने मानिस समेतको सोही भनाई बकपत्र देखिन्छ। सहकारी ऋण कर्जा लिने सम्बन्धमा यि प्रतिवादीहरूको नागरिकता लगायतका कागजात आवश्यक भए तापनि यि प्रतिवादीहरूले दिएका कागजात नष्ट भएको र सो कागजात नहुदैमा ऋण लिएको होइन, छैन भन्न उल्लेखित प्रमाणबाट देखिन आएन। प्रमाण ऐन, २०३१ को दफा १३ र १४ बमोजिम सार्वजनिक संस्थामा रहेका कागजात प्रमाणहरूबाट यि प्रतिवादीहरूको नाममा ऋण कर्जा लिएको देखि रहेको अवस्थामा त्यस्तो ऋण कर्जा लिएको देखिने कागज प्रमाण सोही प्रमाण ऐन, २०३१ को दफा १३ र १४ बमोजिम प्रमाण ग्राह्य रहेको देखियो। यि प्रतिवादीहरू इन्कारी बयान रहेता पनि घरेलु सम्बन्ध, सहोदर दाजु बहिनी र भाई नाताका मानिस तथा नजिकको नातेदारको नाममा फर्जि काम गर्नु पर्ने कारण समेत देखिदैन। प्रतिवादी अनन्तजिवन लुईटेल र गोमा खनालको सहिछाप र मिसिल संलग्न रु. १५,००,०००।— ऋण तमुसक सँग भिडाउदा सहिछाप भिडेको नदेखिएको भन्ने परीक्षण प्रतिवेदन रहे तापनि प्रस्तुत मुद्दाको विवादको बिषय नरहेकोले सो लिखत सद्देकिर्तेसँग सम्बन्धित रहेको समेत देखिदैन।

५३. अतः यि प्रतिवादीहरूले विवादित सहकारी संस्थाको अध्यक्ष, आफ्नो नजिकका नातेदार प्रतिवादीहरू रेवती खनालसँग मिलोमतो गरी सहकारी संस्थाको रकम हानी नोक्सानी पुऱ्याउने उद्देश्यले रकम लिने, बिना धितो ऋण लिने वा गैह्र कानूनी लाभ हानी पुऱ्याउने नियतले कार्य गरेको देखिदा यि प्रतिवादीहरू गोमा खनाल (भण्डारी), कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेललाई सहकारी ऐन, २०७४ को दफा १२२(त) बमोजिम कसुर अपराध गरेको ठहर्छ। सो ठहर्न आएकाले प्रतिवादीहरू गोमा खनाल (भण्डारी), कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेललाई सोही ऐनको दफा १२४(१)(घ)(२) बमोजिम जनही २(दुई) वर्ष कैद र विगो बमोजिम जनही रु. १७,०६,५०६।९२ को जरिवाना हुने ठहर्छ। जाहेरवाला संस्थाले यि प्रतिवादीहरूबाट जनही विगो रु. १७,०६,५०६।९२ समेतको भराई पाउने ठहर्छ। साथै प्रतिवादीहरूबाट अपराध पिडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(३) बमोजिम जनही रु.६८,२६०।२७ पीडित राहत कोषमा रकम दाखिला हुने ठहर्छ। दोहोरो खतराको सिद्धान्त बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २५२(१)(२) बमोजिम कसुर ठहर गर्न मिलेन।

## सजाय निर्धारण निर्णय

५४. नियमबमोजिम साप्ताहिक पेसी सूचीमा चढी सजाय निर्धारणकालागि पेश हुन आएको आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायधिवक्ता श्री दीपक अधिकारी तथा प्रतिवादी रेवती खनालको तर्फबाट उपस्थित वैतानिक विद्वान अधिवक्ता श्री कोपिला अधिकारीले गर्नुभएको वहससमेत सुनी हेर्दा यसमा प्रतिवादी रेवती खनालले सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (घ)(ङ)(च) र (७) को कसूर गरेको ठहरी निर्णय भएकोमा आज सजाय निर्धारणका लागि पेश भएको देखियो।

५५. प्रतिवादी रेवती खनाललाई हुने सजाय निर्धारण गर्नु अघि फौजदारी कसूर सजाय निर्धारण तथा कार्यन्वयन ऐन, २०७४ को दफा १३, १४ र १५ र १८ मा भएका आधार र अवस्थाहरूलाई मनन् गर्नुपर्ने भएकोले सो तर्फ हेर्दा प्रतिवादी रेवती खनाल आफु अध्ययक्ष रहेको अवस्थामा आफू खुसी व्यक्तिगत फाइदाकोलागि विभिन्न संस्थाको माइन्युट किर्ते गरी सर्वसाधारण जनताले आफ्नो

उज्जवल भविष्यकोलागि दुख गरी जम्मा गरेको रकमलाई अनधिकृत तवरले अन्य संस्थाका सदस्याहरूलाई समेत गुम्राहमा राखी आफ्ना परिवारका सदस्यहरू विना धितो ऋण प्रवाह गरी सर्वसाधरण जनताको रकम दुरुपयोग गरी विश्वासघातजन्य कार्य गरेको पाइदा प्रतिवादी रेवती खनाललाई सजाय गर्नु पर्ने नै देखियो।

५६. तसर्थ; प्रतिवादी रेवती खनालले सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (घ)(ङ)(च) र (७) सहकारी रकम हिनामिनाको कसुर अपराध गरेको ठहर भई सजाय निर्धारणकोलागि पेश भएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ बमोजिम कसुरको मात्रा घटाउने र बढाउने सम्बन्धी कानूनी व्यवस्था सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी निर्देशिका, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४, १५ र १८ समेतलाई विचार गरी प्रतिवादी रेवती खनाललाई सहकारी ऐन, २०७४ को दफा १२२(घ)(ङ)(च) र (७) को कसुर अपराध गरेकाले सोही ऐनको दफा १२४(१)(ढ) बमोजिम ६(छ) वर्ष कैद र सोही ऐनको दफा १२४(१)(घ) बमोजिम विगो रु १,३७,८२,३५२।८४ भराउने र विगो रु. १,३७,८२,३५२।८४ जरिवाना हुने ठहर्छ। साथै प्रतिवादीले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(३) बमोजिम रु. ५,५१, २९५।- रकम राहत कोषमा रकम दाखिला हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

<u>तपसिल</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी गोमा खनाललाई २(दुई) वर्ष कैद र रु. १७,०६,५०६।९२ जरिवाना हुने र पीडित राहत कोषमा रु.६८,२६०।२७ दाखिला गर्नुपर्ने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा मिति २०७९।०६।२५ गते पक्राउ परी यस अदालतको मिति २०७९।०७।०६ को आदेशले माग भएको धरौटी राखी रुजु तारेखमा नै रहिरहेको देखिँदा निज हिरासतमा बसेको अवधि कट्टा गरी बाँकी कैद र जरिवानाको लगत कसी असुल गर्नु भनी तहशिल शाखालाई लगत दिनु -----------------------------------------------१
- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू कमलादेवी भट्टराई(खनाल), सिताराम खनाल र अनन्तजीवन लुइँटेललाईलाई जनही २(दुई) वर्ष कैद र जनही रु. १७,०६,५०६।९२ जरिवाना हुने र पीडित राहत कोषमा जनही रु. रु.६८,२६०।२७ दाखिला गर्नुपर्ने ठहरी फैसला भएकोमा निजहरू मध्ये अनन्तजिवन लुइँटेल मिति २०७९।०७।१५ मा हाजिर भई माग भएको धरौटी राखी रुजु तारेखमा नै रहिरहेको र प्रतिवादीहरू कमलादेवी भट्टराई खनाल र सिताराम खनालले सुरु म्यादै गुजारी बसेको देखिँदा निजहरूलाई ठहरेको कैद र जरिवानाको रकम बेरूजु हुँदा लगत कसी असुल गर्नु भनी तहशिल शाखालाई लगत दिनु ------------------------------------------२
- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी रेवती खनाललाई ६(छ) वर्ष कैद र रु. १,३७,८२,३५२।८४ जरिवाना हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा मिति २०८२।०१।२० गते पक्राउ परी यस अदालतको आदेशले हालसम्म कारागार कार्यालयमा थुनामा नै रहिरहेको देखिँदा निजलाई ठहरेको कैद निज पक्राउ परेको मिति देखि नै कट्टा हुनेगरी र जरिवाना नतिरे जरिवानाको हकमा समेत लगत कसी कैद म्याद ठेकी असुल गर्नु भनी भनी तहशिल शाखालाई लगत दिनु-------------------------------------------------------------३

- माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू गोमा खनाल (भण्डारी), कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेलबाट जनही रु.६८,२६०।२७ र प्रतिवादी रेवती खनालबाट रु.५,५१,२९५।- क्षतिपुर्ती शुल्क दाखिला गराउने ठहरी फैसला भएकाले उक्त क्षतिपूर्ती शुल्क नगदै असुल गरी पीडित राहत कोषमा जम्मा गर्नु भनी तहशिल शाखालाई लगत दिनु -------------------------------------------------------------------------------------४
- माथि ठहर खण्डमा लेखिए बमोजिम जाहेरवालाहरुले प्रतिवादीहरू गोमा खनाल (भण्डारी), कमलादेवी भट्टराई, सिताराम खनाल र अनन्तजिवन लुईटेलबाट जनही रू.१७,०६,५०६।९२ र प्रतिवादी रेवती खनालबाट रु.१,३७,८२,३५२।८४ बिगो भराई पाउने ठहरी फैसला भएकाले जाहेरवालाहरूको निवेदन परेका उक्त विगो भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु----५
- यस फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम ७० दिनभित्र उच्च अदालत विराटनगर, इलाम इजलासमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरू गोमा खनाल भण्डारी, अनन्तजीवन लुइँटेल र रेवती खनाललाई पुनरावेदनको म्याद दिनु। सुरु म्याद गुजारी बसेका प्रतिवादीहरू कमलादेवी भट्टराई खनाल र सिताराम खनाल तथा जिल्ला सरकारी वकील कार्यालय, झापालाई फैसलाको प्रतिलिपी संलग्न गरी फैसलाको सूचना दिनु-----------------------६-
- सरोकारवालाले फैसलाको नक्कल माग गरे नियमानुसार सारी सराई दिनु---------------------७
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिमको कार्यसमेत सम्पन्न गर्नु--------------------------------------------८
- प्रस्तुत फैसला वेवसाइडमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु --------------९

<u>फैसला तयार गर्न सहयोग पुऱ्याउने</u>  
शाखा अधिकृत शुक्रराज बान्तवा  
क.अ.: पूर्णबहादुर राई  
फाँट : मुद्दा ८ (अभियान)

**(उमेशप्रसाद लुइँटेल)**  
**जिल्ला न्यायाधीश**

ईति सम्वत २०८२ साल भाद्र महिना १६ गते रोज २ शुभम्-----------------------

**कसूर ठहर मिति : २०८२।०५।०८**

**सजाय निर्धारण मिति : २०८२।०५।१६**

**प्रमाणीकरण मितिः २०८३।०१।१६**

अदालतको छाप :-